# CCS ELEVATE

## COLUMBUS CITY PREPARATORY SCHOOL FOR BOYS

नवेम्बर २०२३ मा कलम्बस सिटी स्कूल्सले आफ्ना सुविधाहरूको स्तरवृद्धि गर्ने र तिनीहरूको पदचिह्न कम गर्ने वाचा गर्दै १०० मिलियन डलर ($ १०० मिलियन) लेवी (शुल्क उठाउने) पारित गर्न कलम्बसका मतदाताहरूको अत्याधिक समर्थनकालागि धन्यवाद। यस लेवी सङ्कलनको लक्ष्य भनेको सबै विद्यार्थीहरूकालागि उच्च गुणस्तरको शिक्षा प्रदान गर्ने जिल्लाको मिशनलाई समर्थन गर्नु हो। बोर्ड नीति ७१०५ अनुसार, सुपरिटेन्डेन्टले फेब्रुअरी २०२४ को शुरुमा डिस्ट्रक्टका सुविधाहरूको पुनर्संरचनाको मूल्याङ्कन गर्न सामुदायिक सुविधा कार्यदल गठन गर्यो। सो कार्यदल विविध पृष्ठभूमि र अनुभव भएका व्यक्तिहरूको बन्छ।




यस कार्यदलले मंगलबार, मेई ७ तारिकका दिन शिक्षा बोर्डलाई प्रारम्भिक सिफारिसहरू प्रस्तुत गऱ्यो। यी सिफारिसहरू भवनहरूमा ग्रेड ब्यान्डको मानकीकरण, शैक्षिक र अतिरिक्त क्रियाकलापहरूमा पहुँच बढाउन, परिवार र विद्यार्थीहरूलाई समान सेवाहरू प्रदान गर्न र पहिले करदाताहरूको लगानीलाई सम्मान गर्न केन्द्रित थिए। यसको लक्ष्य भनेको प्रारम्भिक सिफारिसहरूमा समुदायको दृष्टिकोणलाई अझ राम्रोसँग बुझ्नु र खुला सम्वादको माध्यमबाट सहयोग बढाउनु हो। यसले डिस्ट्रिक्टको मिशनसँग सुविधाहरूको मास्टर प्लानलाई पङ्क्तिबद्ध गर्न र कलम्बस सिटी स्कूल्सको बुझाइ बढाउन मद्दत गर्नेछ।




सुपरिटेन्डेन्टको सामुदायिक सुविधा टास्क फोर्सले शिक्षा बोर्डलाई **कलम्बस सिटी पृपरेटरी स्कूल फर ब्वइज (१९६२)** बन्द गर्न र यी विद्यार्थीहरूलाई कलम्बस सिटी प्रिपरेटरी स्कूल फर गर्ल्समा स्वागत गर्न सिफारिस गर्दछ।

**कलम्बस प्रिपरेटरी स्कूल फर गर्ल्स (१९७५)** ले ४८५ विद्यार्थीहरूलाई सेवा दिन सक्छ; यद्यपि, २०२३-२०२४ स्कूल वर्षमा १९९ जना वा ४२% मात्र (वर्तमान उपयोग दर) विद्यार्थीहरू भर्ना भएका छन्।

शहरको पूर्वी भागमा अवस्थित सि सि पि एस ब्वइज (CCPS Boys) मा हाल ८२ जना विद्यार्थी भर्ना भएका छन्। CCPS केटीहरूको साइटमा CCPS केटाहरूलाई संगै राख्नेस्थितिले ५९% को अपेक्षित उपयोगका साथ भवनको राम्रो प्रयोग हुनेछ। सि सि पि एस ब्वइज (CCPS Boys) कार्यक्रम हाल एउटा भवनमा छ जसलाई महत्त्वपूर्ण नवीकरण आवश्यक छ। विद्यालयको न्युन भर्नालाई ध्यानमा राख्दै यस नवीकरणको लागत न्यायोचित छैन। प्रत्येक विद्यालयलाई उनीहरूको सिकाइ मोडेललाई सहयोग गर्न एकल-लिङ्गी ठाउँहरू उपलब्ध गराउन कदम चालिनेछ।


The Columbus City School District does not discriminate based upon sex, race, color, national origin, religion, age, disability, sexual orientation, gender identity/expression, ancestry, familial status or military status with regard to admission, access, treatment or employment. This policy is applicable in all district programs and activities.

COLUMBUS CITY SCHOOLS